# भिमसेनथापा गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

## खाञ्चोक, गोरखा

# भिमसेनथापा गाउँपालिकाको आर्थिक ऐन

## २०७७

ईश्वर पाण्डे
अध्यक्ष



Scanned with CamScanner

# भिमसेनथापा गाउँपालिकाको आर्थिक ऐन २०७७

भिमसेनथापा गाउँपालिका अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

प्रस्ताव नाः

भिमसेनथापा गाउँपालिकाको आ.व. २०७७/०७८ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) वमोजिम भिमसेनथापा गाउ पालिकाकोगाउँ सभाले यो विधेयक वनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७७" रहेको छ ।
   (२) यो विधेयक २०७७ साल श्रावण १ गतेदेखि **भिमसेनथापा थापा** गाउँ क्षेत्रमा लागू हुनेछ ।

२. सम्पति करः भिमसेनथापा गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) वमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. भूमि कर (मालपोत): भिमसेनथापा गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) वमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. घर वहाल करः भिमसेनथापा गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) वमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. व्यवसाय करः भिमसेनथापा गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा क्षेत्रमा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) वमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. जडिबुटी, कवाडी र जीवजन्तु करः भिमसेनथापा गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि बमोजिमको कर लगाइने र असूल उपर

७.

८. गरिनेछ ।

९. सवारी साधन करः भिमसेनथापा गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (५) वमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि वमोजिम हुनेछ ।



ईश्वर पाण्डे
अध्यक्ष

Scanned with CamScanner

१०. विज्ञापन करः भिमसेनथापा गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

११. मनोरन्जन करः भिमसेनथापा गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१२. बहाल बिटौरी शुल्कः भिमसेनथापा गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेकामा हाट बजार वा पसलमा बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. पार्किङ शुल्कः भिमसेनथापा गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१४. ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्कः भिमसेनथापा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवापत शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१५. सेवा शुल्क, दस्तुरः भिमसेनथापा गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (८) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीवाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१६. पर्यटन शुल्कः भिमसेनथापा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१७. कर छुटः यस विधेयक बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

कर तथा शुल्क संकलन सम्वन्धि कार्यविधिः यो विधेयकमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्वन्धि कार्यविधि भिमसेनथापा गाउँपालिकाले तोके अनुसार हुने छ ।

## अनुसुचि १

**एकिकृत सम्पत्ति कर** : नेपालको संविधान २०७२ बमोजीम स्थानीय तहलाई प्राप्त अधिकार सुचीमा भएको व्यवस्था अनुसार स्वघोषणाको आधारमा साथै भिमसेनथापा गाउपालिकाको एकीकृत सम्पत्ति कर व्यवस्थापन कार्यविधि २०७७ बमोजिम २०७७ श्रावण १ वाट लागु हुने गरी निर्णय गरिएको छ ।



ईश्वर पाण्डे
अध्यक्ष

Scanned with CamScanner

अनुसुचि २

मालपोत

२०७४ श्रावण १ बाट लागु भएको मालपोत कर आ.व. २०७७/०७८ को लागि २०७७ श्रावण १ गते देखि लागू गर्न मालपोत करका दरहरु परिमार्जन सहित प्रस्ताव गरिएका छन ।

करको दररेट :

| जग्गाको क्षेत्रफल | ईकाई | खेत | | | | पाखो जग्गा | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | अब्बल | दोयम | सिम | चाहार | अब्बल | दोयम | सिम | चाहार |
| दर | प्रति रोपनी (एक रोपनी सम्म) | १५।- | १५।- | १०।- | १०।- | १५।- | १५।- | १०।- | १०।- |

एक रोपनी भन्दा माथिको जग्गाको लागि रोपनीको आधारमा, जम्मा रोपनी × प्रतिरोपनी दर अनुसार हिसाव गरी निकालिनेछ ।

रोपनीको गणना गर्दा अशंमा गणना नगरी सो भन्दा माथिल्लो पूर्ण अकंमा गणना गरिनेछ ।

अनुसुचि ३

**वहाल कर :**

(क) गाउपालिका क्षेत्रभित्र कुनै घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड कारखाना, जग्गा आदि वहालमा दिएकोमा सम्बन्धित धनीबाट १० (दश) प्रतिशत स्थानीय वहालकर लिने ।

(ख) गाउपालिका क्षेत्रमा आफुले निर्माण, रेखदेख र सञ्चालन गरेको हाटबजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा सार्वजनिक बाटोको छेउमा अस्थायी पसल थाप्न दिए वापत प्रति वर्गफिट रु. २ देखि १० सम्म मासिक वहाल बिटौरी लिने ।

क) हल भाडा प्रोजेक्टर सहित दिनको रु १,५००।००

ख) हल भाडा प्रोजेक्टर बाहेक दिनको रु. १,०००।००

ईश्वर पाण्डे

अध्यक्ष



Scanned with CamScanner

## अनुसूची - ४

१०. व्यवसाय कर : (वार्षिक दर्ता शुल्क)

| क्र.स. | शिर्षक | शहरी क्षेत्र |
|---|---|---|
| १ | होटल, लज, रेष्टुरेन्ट, बार, क्याफे, भोजनालय, मिष्ठान भण्डार, | |
| | क. मदिरा समेत बिक्रि गर्ने होटल लज समेत | २०००।०० |
| | ख होटल, लज समेत | १५००।०० |
| | ग. मदिरा समेत बिक्रि गर्ने होटल | १५००।०० |
| | घ होटल मात्र | १०००।०० |
| २ | टेन्ट हाउस र क्याटरिङ | १०००।०० |
| ३ | सुनचादी पसल | २०००।०० |
| ४ | टेलरिङ व्यवसाय | |
| | क) कपडा पसल सहतिको टेलरिङ्ग | १०००।०० |
| | ख) टेलरिङ (मात्र) | ५००।०० |
| ५ | सैलून | १०००।०० |
| ६ | क) ब्युटि पार्लर (तालिम समेत दिने) | २०००।०० |
| | ख) ब्युटि पार्लर पसल मात्र | १०००।०० |
| ७ | क) कम्प्युटर विक्री | २०००।०० |
| | ख) कम्प्युटर मर्मत | १५००।०० |
| ८ | क) टि.भि.,फ्रिज, बिक्री | १५००।०० |
| | ख) टि.भि.,फ्रिज, मर्मत | १०००।०० |
| ९ | क) रेडीयो, मोबाईल, टेलिफोन क्यालकुलेटर,बिक्रि | १०००।०० |
| | ख) रेडीयो, मोबाईल, टेलिफोन क्यालकुलेटर,मर्मत | १०००।०० |
| १० | घडी, अडीयो तथा भिडीयो क्यासेट बिक्रि तथा मर्मत | १५००।०० |
| ११ | जुत्ता तथा चप्पल विक्री | १०००।०० |
| १२ | मालवस्तु तथा सेवाको थोक विक्रेता | |
| | ५ भन्दा बढी सामानहरुको डीलर | ५०००।०० |
| | ३ भन्दा बढी ५ वटा सम्म सामानहरुको डीलर | ३५००।०० |
| | १ भन्दा बडी ३ वटा सम्म सामानको डीलर | २५००।०० |
| | एउटा मात्र सामानको डिलर | १५००।०० |
| १२ | औषधि पसल (एलोपेथिक, होमोपेथिक, आयुर्वेदिक),चस्मा पसल | |
| | थोक विक्रेता | २०००।०० |
| | खुद्रा बिक्रेता | १५००।०० |
| | साना खुद्रा विक्रेता | १०००।०० |
| | चस्मा पसल | १०००।०० |
| १३ | नीजि अस्पताल तथा नर्सिङ होम | ५०००।०० |
| १४ | किल्नीक तथा ल्याव | २०००।०० |



ईश्वर पाण्डे
अध्यक्ष

Scanned with CamScanner

| | | |
|---|---|---|
| | डेन्टल अस्पताल | २५००।०० |
| १५ | डेन्टल क्लिनिक | १५००।०० |
| १६ | पान पसल | ५००।०० |
| १७ | लत्ता कपडा धूलाई तथा सरसफाई | |
| | ड्राई क्लीनर्स | १०००।०० |
| | धोबी | ५००।०० |
| १८ | सिनेमा हल (मनोरञ्जन कर | |
| | क दैनिक रुपमा सचालन हूने | ७०००।०० |
| | ख आंशिक रुपमा सचालन हूने | ५०००।०० |
| १९ | आर्ट व्यवसाय | |
| | कामदार राखि व्यवसाय गर्ने | ५०००।०० |
| | आफै गर्ने | ३०००।०० |
| २० | इलेक्ट्रीक सामानहरुको बिक्री | १५००।०० |
| २१ | फोटो स्टूडीयो | |
| | कलर ल्याब फोटो स्टूडीयो | २०००।०० |
| | फोटो स्टूडीयो | १०००।०० |
| २२ | धागो, टाक, फस्नर | ५००।०० |
| २३ | भाडा पसल | १५००।०० |
| २४ | गिफ्ट तथा कस्मेटीक पसल | १०००।०० |
| २५ | प्लाई, सिसा, कार्पेट, फ्रेम आदि बिक्री | २०००।०० |
| २६ | पेट्रोल पम्प | ५०००।०० |
| २७ | ग्यास सिलिण्डर बिक्रेता | २०००।०० |
| २८ | साईकल तथा रिक्सा मर्मत | ५००।०० |
| २९ | अटोमेकानिक्स तथा ईन्जिनियरिङ (बस, टेक्टर, मोटरसाईकल आदिको पार्टस बिक्री) तथा मर्मत | २०००।०० |
| ३० | लेथ सेक्सन तर्फ | १०००।०० |
| ३१ | मोटर वडी बिल्डर्स | १०००।०० |
| ३२ | टायर मर्मत तथा हावा हाल्ने तथा सिट मर्मत | १०००।०० |
| ३३ | मोटर साईकल सो रुम | ५०००।०० |
| ३४ | पशु – पंछी आहार उद्योग फिडस् | २०००।०० |
| ३५ | लेखा परीक्षक | |
| | क र ख श्रेणीलाई | १०००।०० |
| | ग र घ श्रेणीलाई | ५००।०० |
| ३६ | बैक, फाईनान्स, बित्तिय सस्थाहरु तथा सहकारी बैक नाफा मुलक) | |

| | वर्ग | नयां दर्ता | नविकरण |
|---|---|---|---|
| | क वर्गको बैक वा बित्तिय संस्था | १००००।०० | १००००।०० |
| | ख वर्गको बैक वा बित्तिय संस्था | ५०००।०० | ५०००।०० |
| | ग वर्गको बैक वा बित्तिय संस्था | ४०००।०० | ४०००।०० |



Scanned with CamScanner

| | | |
|---|---|---|
| | घ वर्गको बैक वा वित्तिय संस्था ३०००।०० | ३०००।०० |
| ३७ | पाउरोटी, बरफ, बिस्कुट तथा दालमोंठ उद्योग | ३०००।०० |
| ३८ | निजि शिक्षालय सचालन तर्फ | |
| | क्याम्पस, मा.वि. | ५०००।०० |
| | आधारभूत र प्रा.वि. | ३०००।०० |
| ३९ | ब्लक, रिङ, टायल र तारबार पोल उद्योग | ३०००।०० |
| ४० | पोलिथिन पाईप तथा अन्य प्लाष्टिकका सामानहरुको उद्योग | ३०००।०० |
| ४१ | मैनबत्ति तथा अगरबत्ति उद्योग | २०००।०० |
| ४२ | मसला उद्योग | १०००।०० |
| ४३ | परामर्श सेवा | |
| | इन्जीनियरिङ | ५०००।०० |
| | शैक्षिक | २५००।०० |
| | अन्य परामर्श सेवा | १५००।०० |
| ४४ | किराना पसल | |
| | मदिरा समेत विक्रि गर्ने थोक बिक्रेता | २५००।०० |
| | मदिरा बाहेक अन्य वस्तू विक्री गर्ने थोक विक्रेता | १५००।०० |
| | मदिरा समेत विक्रि गर्ने खूद्रा विक्रेता | १०००।०० |
| | खूद्रा विक्रेता (साना व्यावसाय) | १०००।०० |
| ४५ | मादल मर्मत तथा बिक्री | १०००।०० |
| ४६ | सिरक डसना बिक्री | १०००।०० |
| ४७ | ह्युम पाईप, विद्यूत पोल् उद्योग | १०,०००।०० |
| ४८ | झोला तयारी गर्ने उद्योग | १५००।०० |
| ४९ | कन्फेक्सनरी उद्योग | १०००।०० |
| ५० | डेरी उद्योग (दुग्ध तथा दुग्ध सम्वन्धि अन्य व्यवसाय | १०००।०० |
| ५१ | फर्निचर उद्योग, फर्निचर सो रुम, समिल | १५००।०० |
| ५२ | फर्निचर उद्योग/सोरुम | १५००।०० |
| ५३ | ग्रील सटर उद्योग | १०००।०० |
| ५४ | मिल (कूटानि, पिसानि, पेलानि(सेलर, होलर, तेल, चिउरा आदि | |
| | कूटानी पिसानी | १०००।०० |
| | कूटानी | ५००।०० |
| ५५ | कूखुरा पालन | |
| | १००० देखि माथी क्षमता | १०००।०० |
| | १००० वटा सम्म क्षमता | ५००।०० |
| ५६ | माछा, मासू पसल | १०००।०० |
| ५७ | तरकारी, फलफूल तथा साग सब्जी पसल | ५००।०० |
| ५८ | अण्डा विक्री | १०००।०० |
| ५९ | छाला सकलन तथा विक्री | १५००।०० |
| ६० | इट्टा विक्री डिपो तथा सकलन केन्द्र | २५००।०० |



ईश्वर पाण्डे
अध्यक्ष

Scanned with CamScanner

| | | |
|---|---|---|
| ६१ | डोको, नाम्लो, भकारी, प्लाष्टिक तथा बेतबासका सामानहरु | १०००।०० |
| ६२ | हार्डवयर्स पसल | ३०००।०० |
| ६३ | चिम्नी उद्योग ( इटा भट्टा ) | ४०००।०० |
| ६४ | मेटलको भाडा बनाउने व्यवसाय | १५००।०० |
| ६५ | पुस्तक, स्टेशनरी तथा खेलकूदका सामानहरुको बिक्री | १०००।०० |
| ६६ | केबुल प्रसारण | १५००।०० |
| ६७ | फोटोकपी, फ्याक्स, लेमिनेशन, ब्यान्डीङ, कूरियर | १०००।०० |
| ६८ | कम्प्युटर, ड्राईभिङ तथा अन्य ईन्स्टीच्यूट | १५००।०० |
| ६९ | कपडा पसल + फेन्सि पसल सहित | १५००।०० |
| ७० | छापाखाना तथा कपि, किताब उद्योग | २५००।०० |
| ७१ | डिजिटल छापाखना | २०००।०० |
| ७२ | साईबर, नेट, फोन सेवा (कम्यूनिकेसन सेवा) क श्रेणी | १५००।०० |
| ७३ | निर्माण व्यवसायी | |
| | क श्रेणी | ५०००।०० |
| | ख श्रेणी | ३०००।०० |
| | ग श्रेणी | २५००।०० |
| | घ श्रेणी | १५००।०० |
| ७४ | रासायनिक मल, विउ विजन, किटनाशक औषधि बिक्री | १०००।०० |
| ७५ | भिडीयो मिक्सीङ्ग, | १५००।०० |
| ७६ | क। मदीरा थोक विक्री | २५००।०० |
| | ख। मदीरा खुद्रा विक्री | १५००।०० |
| ७७ | ट्युसन सेन्टर | १५००।०० |
| ७८ | वेरिङ रिपेरिङ तथा विक्री | १०००।०० |
| ७९ | मेशीनरी सामान विक्री (मोटर, जेनेटर आदि क श्रेणी. | ३०००।०० |
| | मेशीनरी सामान विक्री(मोटर, जेनेटर आदि ख श्रेणी | २०००।०० |
| ८० | पंखा कृषि मोटर मर्मत | १०००।०० |
| | रेमिटेन्स सेवा | १५००।०० |
| ८१ | कवाडी व्यवसाय | १०००।०० |
| ८२ | मोविल, फ्रिज विक्री | १०००।०० |
| ८३ | ट्रर्स एण्ड ट्राभल | २०००।०० |
| ८४ | कूरियर तथा कार्गो सेवा | २०००।०० |
| ८५ | गिटी, वालुवा, ढुगा लगायत निर्माण सप्लाई | १५००।०० |
| ८६ | भेटेरेनरी सेवा | १०००।०० |
| ८७ | चिया पसल | १०००।०० |
| ८८ | कार्यालय हल भाडा (प्रति दिन) | ५००।०० |
| ८९ | जडिबुटी वनजन्य उद्योग (खोटो लगायत) | २५००।०० |
| ९० | विभिन्न कल्याणकारी संघ संस्था दर्ता | २०००।०० |



Scanned with CamScanner

| | | |
|---|---|---|
| ९१ | कपडा पसल थान मात्र | १०००।०० |
| — | कृषि व्यवसाय तर्फ | |
| ९२ | वाखा पालन | ५००।०० |
| ९३ | भैसी पालन | ५००।०० |
| ९४ | माछा पालन | ५००।०० |

## अनुसुचि ५

| | सवारी कर : | |
|---|---|---|
| | सवारीको किसिम | दर |
| (क) | वस, ट्रक, लहरी टेक्टर आदि हेवी सवारी वार्षिक | रु. १०००।- |
| (ख) | भाडाका कार, जिप, माइक्रो वस वार्षिक | रु. ५००।- |
| (ग) | भाडाको टेम्पोमा वार्षिक | रु. ३००।- |
| (घ) | निजी कार, टेम्पो मिनिवस वार्षिक | रु. ३००।- |
| (ङ) | भाडाको मिनिवस वार्षिक | रु. ५००।- |
| (च) | पावरटेलर वार्षिक | रु. १५०।- |
| (छ) | ठेलागाडा, रिक्सा वार्षिक | रु २५।- |

पटके सवारी कर

| | | |
|---|---|---|
| क) | डोजर, लोडर, जेसिवी ठुला उपकरण | रु.२००। |
| ख) | वस,ट्रक टेक्टर लहरी लगायत ठुला सवारी साधन | रु. १००।– |
| (ग) | माइक्रो/कार/जीप (भाडाका) | रु. ५०।– |
| घ) | साना निजी सवारी साधन | रु. ३०।– |

## अनुसुचि ६

विज्ञापन कर :

| | विज्ञापन करको दर बार्षिक : | |
|---|---|---|
| क) | ग्लो साइनबोर्ड, डिपिएस वोर्ड प्रति व.फि. | रु ५०। |
| ख) | वाल पेन्ट विज्ञापन प्रति व.फि. | रु ५। |
| ग) | व्यानर (वढीमा एक महिना सम्मको लागि) प्रतिगोटा | रु ३००। |



ईश्वर पाण्डे
अध्यक्ष

Scanned with CamScanner

## अनुसुचि ७

मनोरञ्जन कर : -

| | |
|---|---|
| क) | सिनेमाहल, भिडियोहल, सास्कृतिक प्रदर्शनहल, थिएटर संगित तथा मनोरञ्जन प्रदर्शन स्थलको प्रवेश शुल्क मा रु. १।- का दरले मनोरञ्जन कर लगाउने । |
| ख) | जादु, सरकश, चटक, आदिमा प्रतिदिन रु. ४००।-, मासिक १०,०००।– लगाउने । |

## अनुसुचि ८

आ.ब.०७७/७८ को लागि गाउसभावाट पारित सेवा शुल्क, कर तथा दस्तुरहरु दररेट

सेवा शुल्क:

| सि.नं. | सेवाको किसिम | साविकको दर | दर (रु.) |
|---|---|---|---|
| १ | पक्का घरको सर्जमिन वापत | | ५००। |
| २ | अन्य सबै प्रयोजनको सर्जमिन वापत | | २००।- |
| ३ | अचल सम्पत्ति मूल्याकंन | मुल्याङकन अंकको | ०.०५ प्रतिशत |
| ४ | रकम कलम उठाई दिएवापत सयकडा | | २।- |
| ५ | निजी विद्यालयको दर्ता सिफारीस शुल्क | मा.वि./ आधारभुत/ प्रा.वि | २०००/१५००/१०००।- |
| ६ | हरेक निवेदन दर्ता शुल्क प्रतिगोटा | | १०। |
| ७ | मिलापत्र शुल्क (दुवै पक्षसँग आधा आधा) | | ५००।- |
| ८ | घर नम्वरिङ्ग प्लेट प्रति गोटा | | ५०।- |
| ९ | टो.वि.स. दर्ता शुल्क/नविकरण | | ५००।- |
| १० | स्थलगत प्राविधिक सेवा शुल्क | | २०००।- |
| ११ | धर निर्माणमा लाग्ने पुर्वाधार मर्मत संभार शुल्क | | ५००। |
| १२ | नागरिकता सर्जमिन मुचुल्का शुल्क | | ५०० ।- |
| १३ | कृषि/पशुपंछीजन्य व्यवसाय दर्ताको सर्जमिन | | ५०० ।- |

विभिन्न प्रमाणित तथा सिफारीस दस्तुर :

| | | |
|---|---|---|
| १ | पक्कि वाटो छोएको | ४००।- |



ईश्वर पाण्डे
अध्यक्ष

Scanned with CamScanner

| | | |
|---|---|---|
| २ | ग्राबेल बाटो | ३००।- |
| ३ | कच्ची बाटो | २००।- |
| ४ | गोरेटो बाटो | १५०।- |
| ५ | बाटोले नछोएको | १००।- |

| सि.नं. | सेवाको किसिम | दर | |
|---|---|---|---|
| १ | घरबाटो साध सिमाना प्रमाणित | | |
| क) | पक्कि बाटो छोएको | ४००।- | |
| ख) | ग्राबेल बाटो | ३००।- | |
| ग) | कच्ची बाटो | २००।- | |
| घ) | गोरेटो बाटो | १५०।- | |
| | बाटोले नछोएको | १००।- | |
| २ | घर निर्माण सम्पन्न प्रमाणपत्र (कच्ची) | २००।- | |
| ३ | घर कायम (पक्की घर) | ५००।- | |
| ४ | घर कायम (कच्ची घर) | १००।- | |
| ५ | घर नक्सा नामसारी पक्की (एकाघर) | ५००।- | |
| ६ | घर नक्सा नामसारी पक्की (एकाघर नभएमा)) | १०००।- | |
| ७ | कच्ची घर (ढुंगामाटोको जोडाई जस्ताको छाना) नक्सा नामसारी | २००।- | |
| ८ | कच्ची घर फुसको छाना भएको वा सामान्य घर वा टहरा नक्सा नामसारी | १००।- | |
| ९ | अस्थायी टहरा निर्माणको इजाजत दस्तुर (व्यवसायीक) | ५००।- | |
| १० | छुट जग्गा दर्ताको सिफारिस दस्तुर | ५००।- (एक रोपनी भन्दा माथि प्र.रो थप रु.१००।-) | |
| ११ | विद्युत जडानको सिफारिस दस्तुर | | १००।- |
| १२ | निजीधारा वा टेलिफोन जडान सिफारिस दस्तुर | | १००।- |
| १३ | वैदेशिक रोजगारको लागि सिफारिस | | ५००।- |
| १४ | परिवार ल्याएको/लगेको सिफारिस | | ५००।- |
| १५ | विवाह दर्ता सिफारिस (विदेशीसाग) | | १०००।- |



ईश्वर पाण्डे
अध्यक्ष

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| १६ | नाता प्रमाणित दस्तुर | | २००।- |
| १७ | बसोबास प्रमाणित (बैदेशिक प्रयोजन) | | ५००।- |
| १८ | बसोबास प्रमाणित (स्वदेशी प्रयोजन) | | २००।- |
| १९ | नाफामूलक संस्था दर्ता/नविकरण सिफारिस | | २०००।- |
| २० | सेवामूलक संस्था दर्ता/स्वदेशी प्रयोजन | | ५००।- |
| २१ | निजी विद्यालय सञ्चालनको सिफारिस | | ५०००।- |
| २२ | निजी विद्यालय कक्षाथपको सिफारिस | | २०००।- |
| २३ | मोही नामसारी सिफारिस | | २००।- |
| २४ | सम्बन्ध विच्छेदको सिफारिस | | ३००।- |
| २५ | ठुला उद्योग स्थापनाको सिफारिस | | ३०००।- |
| २६ | मझौला उद्योग स्थापनाको सिफारिस | | २०००।- |
| २७ | साना तथा घरेलु उद्योगको सिफारिस | | ५००।- |
| २८ | रुख काट्ने सिफारिस प्रति गोटा (स्वीकृत आवश्यक पर्नेमा) | | |
| २९ | नेपाली पेन्सनपट्टा सम्बन्धी सिफारिस | | २००।- |
| ३० | भारतीय पेन्सनपट्टा सम्बन्धी सिफारिस | | ५००।- |
| ३१ | अन्य मुलुकको पेन्सनपट्टा सिफारिस | | १०००।- |
| ३२ | सम्पत्ति हस्तान्तरण सिफारिस (नेपालको लागि) | | ५००।- |
| ३३ | सम्पत्ति हस्तान्तरण सिफारिस (विदेशको लागि) | | १०००।- |
| ३४ | व्यक्तिगत घटनादर्ता (जन्म,मृत्यु, विवाह, सम्बन्धविच्छेद, बराईसराई) प्रमाणित, सेवा शुल्क ३५ दिन देखि ७० दिन सम्म | | १०।- |
| ३५ | व्यक्तिगत घटनादर्ता (जन्म,मृत्यु, विवाह, सम्बन्धविच्छेद, बराईसराई) प्रमाणित, सेवा शुल्क ७० दिन पछि | | ५०।- |
| ३६ | उल्लेखित बाहेकका अन्य विविध प्रमाणित तथा सिफारिस | | २००।- |
| ३७ | अंग्रेजीमा सिफारीस | | ५००।- |

ईश्वर पाण्डे



Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ३८ | अविवाहित प्रमाणिकरण, नाता प्रमाणित दस्तुर | | ५००।- |

## अनुसुचि ९

आ.व.२०७७/७८ को लागि संस्था दर्ता ऐन अर्न्तगत दर्ता भएका संस्थाहरुको लागि दर्ता तथा नविकरण शुल्क निम्नानुसार तोकिएको छ ।

| नयाँ संस्थादर्ता शुल्क | नविकरण शुल्क |
|---|---|
| १०००।- | १०००।- |

## अनुसुचि १०

आ.व.२०७७/७८ को लागि भिमसेनथापा गाउँपालिका क्षेत्र भित्र निर्माण हुने घरको नक्सा पास सम्वधमा लाग्ने शुल्क निम्नानुसार तोकिएको छ ।

| आ.व.२०७६/७७ | आ.व.२०७७/७८ |
|---|---|
| प्रति स्क्वायर फुट | प्रति स्क्वायर फुट |
| रु.५।- | रु.७।- |

## अनुसुचि ११

आ.व.२०७७/७८ को लागि भिमसेनथापा गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेका तथा नयाँ संचालन हुने व्यवसायहरुको लागि दर्ता तथा नविकरण गर्नको लागि लाग्ने शुल्क निम्नानुसार तोकिएको छ ।

तपशिल :

| नयाँ दर्ता शुल्क | नविकरण शुल्क | कैफियत |
|---|---|---|
| कार्यविधिमा उल्लेख भए वमोजिम लाग्ने दस्तुर | आश्विन मसान्त सम्म दर्ता दस्तुरको ५०% | |
| | पौष मसान्त सम्म दर्ता दस्तुरको ७५% | |
| | आषाढ मसान्त सम्म दर्ता दस्तुरको १००% | |

ईश्वर पाण्डे
अध्यक्ष



Scanned with CamScanner

जरिवाना/पुरस्कार

यस गाउँपालिकाको अनुमति नलिई वा सार्वजनिक जग्गा, बाटो, मठ, चोक, ढल, नाला, पोखरी आदि मिची भवन निर्माण गरेको वा गरिरहेको ठहरिएमा दश हजार रुपैया जरिवाना गरी सो वापतको जरिवाना रकम असुल भएपछि त्यसको २० प्रतिशत रकम लिखित उजुर दिने व्यक्तिलाई पुरस्कार स्वरुप प्रदान गरिने ।

जरिवाना

नोट :यस गाउँपालिकालाई तिर्नु बभ्काउनु पर्ने कुनै पनि कर,शुल्क,भाडा वा यस्तै प्रकृतिका कुनै पनि दायित्व चालू आ.व. भित्र नतिरेमा/नबुझाएमा पहिलो वर्षको लागि २० प्रतिशत, दोस्रो वर्ष २५ प्रतिशत र चौथोवाट ३० प्रतिशत थप जरिवाना समेत असुल उपर गरिने निर्णय गरियो ।

यस गाउँपालिकालाई तिर्नु/बुझाउनु पर्ने कुनै पनि कर, शुल्क, भाडा वा यस्तै प्रकृतिका कुनै पनि दायित्व चालु आ.व. भित्र नतिरेमा/नबुझाएमा ३५ दिन थप म्याद दिइनेछ र ३५ दिन सम्म पनि नतिरेमा/नबुझाएमा पहिलो महिना २ प्रतिशत त्यस पछि दोस्रो महिना देखि १ प्रतिशत थप जरिवाना समेत असुल उपर गरिने निर्णय गरियो ।

भिमसेनथापा गाउँपालिकाको छैठौं गाउँसभाको मिति २०७७/३/३१ गते वसेको दोश्रो वैठकले पारित गरिएको आर्थिक ऐन २०७७ गाउँपालिकाका अध्यक्ष श्री ईश्वर पाण्डेवाट प्रमाणिकरण गरिएको छ ।

नाम : ईश्वर पाण्डे
पद : अध्यक्ष
मिति : २०७७।०३।३१

ईश्वर पाण्डे
अध्यक्ष

Scanned with CamScanner